मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

आज मिति २०७५ साल चैत्र १० गते विहान ८: ०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

आजै देखि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयअनुसार गण्डकी गांउ पालिका गोर्खाबाट रमाना लिई यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको पदमा बहाली हुन आउनु भएका श्री देवराज चौलागाई लाइ स्वागत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

गांउ पालिकाको आ.ब.०७५/०७६ को सभाबाट बिनियोजीत तथा बिभिन्न मितिमा कार्यपालिकाबाट निर्णित उपभोक्ताबाट कार्यान्वयनमा जाने सार्बजनिक निर्माणका योजनाहरुको वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुले राख्नु भएको प्रगति प्रतिबेदन स्वीकृत गर्ने साथै चालु बर्षका यस अघिनै बिनियोजित योजनाहरुको उपभोक्ता संग सम्झौता गर्ने म्याद २०७५ चैत्र मशान्त सम्ममात्र कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.३

तपशीलका योजनाहरु तपशीलका शीर्षकहरुबाट रकम बिनियोजन गरि उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्थान | बिनियोजित रकम | श्रोत |
|---|---|---|---|---|
| १ | नवजाग्रीति बिधालय खानेपानी मर्मत | वडा नं ३ बिक्रम पर्ता | १ लाख | मर्मत सम्भार कोष |
| २ | पोलाघारी खानेपानी मर्मत | वडा नं ६ पोलाघारी | आबस्यक पाइप र ५० हजार नगद | जिन्सि शाखा/मर्मत सम्भार कोष |
| ३ | आंपताल खानेपानी मर्मत | वडा नं ६ आंपताल | आबस्यक पाइप र १ लाख नगद | जिन्सि शाखा/मर्मत सम्भार कोष |
| ४ | सुनादेबी बहुउद्धेश्यिय खेलकुद सामुदायीक भबन | वडा नं ६ | १ लाख ५० हजार | खेल मैदान तथा मर्मत सम्भार |
| ५ | गुम्बाटोल खानेपानी | वडा नं ७ गुम्बाटोल | ल.ई.बमोजीम | समपुरक-६०•४० |
| ६ | दिब्यज्योती महिला सहकारी सामुदायीक भबन | वडा नं ८ | ८ लाख | समपुरक-६०•४० |
| ७ | राधाकृष्ण मंदीर जानेबाटो स्लाब ढलान | वडा नं ९ | ३ लाख | मर्मत सम्भार कोष |
| ८ | निर्मल बस्ती झोरा नियन्त्रण | वडा नं ७ | ३ लाख | बिपद व्यवस्थापन |
| ९ | (मिननाथ) अर्जेल टोल सिंचाई कुलो मर्मत | वडा नं ७ | ३ लाख | मर्मत सम्भार कोष |
| १० | वडा कार्यालय भबन मर्मत | वडा नं ८ | १ लाख ५० हजार | मर्मत सम्भार कोष |
| ११ | गोगनपानी स्कुलडांडामा तिरतिरे खानेपानी योजना | वडा नं १ | ४ लाख ५० हजार | मर्मत सम्भार कोष |
| १२ | हात्ती व्याउने तटबन्धन | वडा नं ४ | ४ लाख | समपुरक-६०•४० |
| १३ | ढकाल टोल/गौतम टोल जाने बाटो मर्मत | वडा नं ४ | ल.ई.बमोजीम | समपुरक-६०•४० |

एकराज उप्रेती
अध्यक्ष

निराज प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | गोलघर ट्रस्ट मर्मत | वडा नं ४ | ५० हजार | मर्मत सम्भार कोष |
| १५ | तल्लो ट्वाइग्रा-पालुङ्गेटोल हुदै बाटो मर्मत | वडा न ४ | ३ लाख | मर्मत सम्भार कोष |
| १६ | बडी जो खरीद | वडा नं ४ | बजार मुल्य | कार्यालय समान |
| १७ | चुवारपाखा-कालीखोला बाटो मर्मत | वडा नं ४ | ७० हजार | मर्मत सम्भार |
| १८ | बच्चुराम खोल्ची | वडा नं २ | ३ लाख | समपुरक-६०•४० |
| १९ | पाल्दमार झुल्यान सडक | वडा नं २ | ६ लाख | समपुरक-६०•४० |
| २० | फिरिङ्ग खोल्ची | वडा नं २ | ४ लाख | समपुरक-६०•४० |
| २१ | सिम्पानी देवकोट सामुदायीक भवन निर्माण | वडा नं ८ | १० लाख | समपुरक-६०•४० |
| २२ | बैदारटोल खानेपानी मर्मत | वडा नं ८ | १ लाख ५० हजार | मर्मत सम्भार कोष |
| २३ | ब्राम्हण क्षेत्री किरीया पुत्री घर | वडा नं १ चकरी | २ लाख | मर्मत सम्भार कोष |
| २४ | सापकोटा टोल सिंचाई मर्मत | वडा नं ३ हांडीखोला | ५० हजार | मर्मत सम्भार कोष |
| २५ | एघार घरे जोगीताल बाटो निर्माण | वडा नं ६ | ७ लाख | समपुरक-६०•४० |
| २६ | भुल्चोक खयरघारी बाटो निर्माण | वडा नं ६ | ७ लाख | समपुरक-६०•४० |
| २७ | अजिङ्गगरे मोरङ्गे खोल्छी ह्युम पाईप | वडा नं ६ | ल.ई.बमोजिम | मर्मत सम्भार कोष |
| २८ | खरङ्गा खानेपानी योजना | वडा नं ९ | १ लाख | बिपद व्यबस्थापन कोष |
| २९ | गोगनपानी झुल्यान खानेपानी टंयाङ्गी मर्मत | वडा नं १ | ३ लाख | मर्मत सम्भार कोष |
| ३० | भुन्द्रङ्ग खानेपानी इनार निर्माण | वडा नं २ | १ लाख | समपुरक-६०•४० |

साथै उर्जा लघु तथा साना बिधुत योजना मुख्य चालु शीर्षकको बायोमास प्रविधिको सुधारिएको चुल्हो जडान कार्यक्रममा बिनियोजित रकम रु.१ लाखबाट वडा नं ६ स्थित नमस्ते बायो ईन्जिनियरिङ्ग कम्पनीलाई नियमानुसार अनुदान उपलब्ध गराइ प्रबिधि सुधार कार्यक्रममा सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.४

वडा कार्यालयबाट निर्णय भइआएका तपशीलका साबिक योजनाहरु तपशील बमोजीम संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको साबिक नाम | स्थान | रकम | हाल कायम गर्नुपर्ने योजनाको नाम | स्थान | रकम |
|---|---|---|---|---|---|---|
| १ | गोपालीटोल गुठी भवन | वडा नं ९ | ५ लाख | ~~गिपालीटोल~~ सामुदायीक भवन | वडा नं ९ | ५ लाख |
| २ | आयुर्बेदिक उपचार केन्द्र | वडा नं ८ | ६ लाख | पिसपार्क खानेपानी योजना | वडा नं ८ मनहरी पिसपार्क | ६ लाख |
| ३ | मनहरी पुल्चोक चेक | वडा नं ८ | ३ लाख | कालोपानी झोरा | वडा नं ८ | ३ लाख |

निर्मल प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

एकराज ढकाल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ड्याम | | | नियन्त्रण | | |
| ४ | कालीदमार बाट गएको बगौडा पुच्छर कुवाको पुर्बपट्टीको तटबन्धन | वडा नं ३ | १ लाख ५० हजार | उप्रेती हरीको ढेडुवा खोलाको पश्चिम पट्टीको तटबन्धन | वडा नं ३ | १ लाख ५० हजार |

निर्णय नं.५

बिभिन्न व्यक्ति तथा संस्थाले माग गरेबमोजीम आर्थिक अनुदान तथा सहायता शीर्षकबाट तपशील बमोजीम आर्थिक सहायता शीर्षकबाट अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं | व्यक्ति/संस्थाको नाम | ठेगाना | बिषय | स्वीकृत अनुदान रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | बिरबहादुर राइ | मनहरी ३ | पेटको क्यान्सर | २५००० | आर्थिक सहायता |
| २ | केशरराम सुनार | मनहरी ३ | मुटुको भल्व फेर्नुपर्ने | २५००० | आर्थिक सहायता |
| ३ | शुभद्रा भण्डारी | मनहरी १ | मुटुको भल्व फेर्नुपर्ने | २५००० | आर्थिक सहायता |
| ४ | मकवानपुर जिल्ला फुटवल संघ | हेटौंडा | दोश्रो सहिद स्मृती मकवानपुर गोल्डकप-२०७५ | ५०००० | आर्थिक सहायता |

निर्णय नं.६

३ नं प्रदेश सरकारबाट आफ्नो प्रदेशभरका स्थानिय तहहरुमा प्रत्यकलाइ एक एम्बुलेन्स र एक बारुण-यन्त्र अनुदान स्वरुप उपलब्ध गराउन लागिएकोमा यस गांउपालिका का सबै वडाहरु आगलागी प्रकोप बाट जोखिमयुक्त रहेकोले एक थान बारुण-यन्त्र र एक थान एम्बुलेन्स यस गांउपालिकालाई समेत अनुदान स्वरुप उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७

अपाङ्गता परिचय-पत्र बितरण कार्यबिधि-२०७५ बमोजीम गठन गर्नुपर्ने समन्वय समितिमा पदेन सदस्यबाहेक कार्यपालिकाबाट मनोनयन गर्नुपर्ने सदस्य पदहरुमा तपशील बमोजीम मनोनयन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | नामथर | ठेगाना | मनोनयन गरिएको क्षेत्र |
|---|---|---|---|
| १ | कृष्ण बिंडारी | मनहरी ९ | कार्यपालिका सदस्य |
| २ | महेशकुमार रिजाल | मनहरी ५ | प्र.अ./श्रोत व्यक्ति |
| ३ | सुमित्रा पराजुली | मनहरी १ | अपाङ्गता क्षेत्रमा काम गरेको गै.स.स. प्रतिनिधी |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३ | सामाजीक बिकास शाखा हेर्ने कर्मचारी | गांउपालिका | सामाजीक बिकास शाखा प्रमुख |

निर्णय नं.८

वडा गत बिधुतीकरण शीर्षकमा गांउसभाबाट बिनियोजीत मध्ये खर्च नभइ बांकी रकमबाट सम्बन्धित वडामा बिधुतीकरण योजना कार्यान्वयनका लागी सम्बन्धित वडा र नेपाल बिधुत प्राधिकरण संग आवस्यक समन्वय/सहकार्य गरि योजना संचालन गर्न सो योजना संग सम्बन्धित तार/पोल/ट्रान्फर्मर/जडान सामग्री आदी नियमानुसार खरीद गर्न आबस्यक सम्झौता तथा समझदारी कायम गर्ने र सोही निकायबाट मात्र उपलब्ध हुने निर्माण/जडानका बस्तुगत समानहरु नियमानुसार नेपाल बिधुत प्राधिकरण संगनै खरीद प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाइ अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं.९

सवारी साधन खरीद शीर्षकमा खर्च भइ बांकी रहेको रकमबाट मनहरी प्राथमिक स्वास्थ्य केन्द्रको स्वामित्वमा रहेको एम्बुलेन्स र गा.पा.को बा. २ झ १४६९ नं को बोलेरो जीप मर्मत गर्न ल.ई. बमोजीम मर्मत गर्ने र सो कामको लागी ३/३ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

वडा नं ४ ट्रवाइग्राका २०७४ को बाढी बाट प्रभावित करीब ३५३ घरधुरीका बिस्थापित परिवारलाई यथाशिघ्र सुरक्षित स्थानान्तरणका लागी यस अघि पर्षा राष्ट्रीय निकुञ्जका प्रतिनिधी सहीत यस गा.पा.को बिपद व्यबस्थापन समिति एवम् कार्यपालिकाले गठन गरेको बस्ती स्थानान्तरणका लागी जग्गा छनौट समितिले सिफारिस गरेको जग्गामा बस्ति सार्न आबस्यक पहल र सहयोग/सहजीकरणकाका लागि पर्षा तथा चितवन राष्ट्रीय निकुञ्ज,बन मन्त्रालय,बन बिभाग लगायत सरोकारवाला निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.११

शशर्त कार्यक्रम अन्तर्गतको बाह्य खोप केन्द्रको भबन निर्माण (७५० वटा ७७ जिल्लामा) को बिनियोजित ३ लाख रकमबाट वडा नं १ मा खोपकेन्द्र मर्मत तथा निर्माण गर्ने र आन्तरीक श्रोत तर्फको मनहरी गांउपालिका गांउसभाबाट बिनियोजित रकम रु.७ लाखबाट वडा नं ४ र वडा नं ७ मा गरी २ वटा खोपकेन्द्र निर्माणकोलागी ३ लाख ५० हजारका दरले बिनियोजन गरि सम्बन्धित वडालाइ उपभोक्ता समिति गठनका लागी लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.१२

कार्यालय केन्द्र भबन रहेको भबनमा बिभिन्न बिषयगत शाखाको/फांटको लागी कोठा अभाव भएको र केन्द्र भबन भाडा उपलब्ध गराउने अन्वरीमाया बिटको थप २ कोठा यसै भबनमा नयां निर्माण सम्पन्न भएकोले सो दुबै कोठा कार्यालय प्रयोजनको लागी साबिक अन्य कोठाको सरह (मासिक २५००/प्रति कोठा) को दरले नियमानुसार भाडा भुक्तानि गर्ने गरि भाडामा लिने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

... राज उप्रेती
अध्यक्ष

निर्णय नं.१३

गत बर्ष खरीद भएको बस्तुगत सहायता प्रदान प्रयोजनको जस्तापाताको परीमाण लगभग सबै खपत भइसकेको र यस बर्ष सो शीर्षकमा रकम बिनियोन नभएको हुंदा तथा हावा हुरी र आगलागीको मौषमलाइ मध्यनजर गर्दै जस्ता पाता खरीद गरि मौज्दात राख्न बाञ्छनिय भएकोले बिपद व्यवस्थापन कोषबाट रु. ५ लाख बिनियोजन गरि नियमानुसार जस्तापाता खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं १४

गत बर्ष प्राबिधिक कारणबस खरीद गर्न नसकिएको खानेपानी पाईपको खरीद कार्य गर्न बिनियोजित भुक्तानी दिन बांकी रकम यस अघि अन्य प्रयोजनमा खर्च भइ सकेकोले खरीद भइ आएको खानेपानी पाईपको रकम भुक्तानी गर्न मर्मत सम्भार कोषबाट रु. १४ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १५

वडाका टोल हरुमा योजना संचालन तथा समग्र गांउपालिकाले प्रदान गर्ने सेवाका संदर्भमा जनगुनासा बुझ्न अध्यक्ष/उपाध्यक्ष लगायत पदाधिकारीहरु जनता संग जनप्रतिनिधी कार्यक्रम आयोजना गर्ने तथा सो कार्यक्रममा हुने खाना/खाजा लगायत खर्च कन्टीन्जेन्सी शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष